# श्री

# हाम्रो पुर्खा
# र
# सन्तति

## क्र. सं. बिषय सूची


| | | |
|---|---|---|
| | श्री हाम्रो पुर्खा | पृष्ठ १ |
| | बिषय सूची र भाग पृष्ठहरु | पृष्ठ २ |
| | हाम्रै परिवार भित्रका कुराहरु | पृष्ठ ३ - ५ |
| १ | विवरण | पृष्ठ ६ - १२ |
| २ | परिचय | पृष्ठ १३ |
| ३ | सुनेको इतिहास | पृष्ठ १४ - १६ |
| ४ | हाँगाहरु | पृष्ठ १८ |
| ५ | सिद्धेको हाँगा | पृष्ठ १९ - २८८ |
| ६ | गोर्खेको हाँगा | पृष्ठ २८९ - ४७६ |
| ७ | भैरवको हाँगा | पृष्ठ ४७७ - ५६६ |
| ८ | साकदीको हाँगा | पृष्ठ ५६७ - ५८१ |
| ९ | मने श्रीसको भाई | पृष्ठ ५८२ - ५८३ |
| १० | व्यक्तिगत इतिहास | पृष्ठ ५८४ - ६२० |
| ११ | बराहकोटमा बसेका मने श्रीसको सन्ततिहरुको ड्रविङ्ग | पृष्ठ ६२२ - ६२२ |
| १२ | साकदीमा बसेका हाम्रै सामी श्रीसको सन्ततिहरुको ड्रविङ्ग (यादकारीको लागी मात्र) | पृष्ठ ६२३ - ६२३ |
| | मूल्य | पृष्ठ ६२४ |

## हामी परिवार भित्रका कुराहरु

समय चक्रले मानिसलाई कहाँ कहाँ पुऱ्याउँछ भन्न सकिदैन । आज हाम्रा पुर्खोलीहरुको कति पुस्ता पुगिसक्यो किटान गरेर भन्न गाह्रो पर्ला ! समय धेरै बितिसक्यो, कयौंलाइ समयले साथ दिए होला नदिए पनि होला ।

हाम्रो पुर्खा भित्रका कुराहरु केलाउने हो भने हाम्रा मुल पुर्खा मने श्रीस थिए । तिनै मुल पुर्खा मने श्रीसका ३ भाई छोराहरु क्रमश:- सिद्धे, गोर्खे र भैरव थिए । यिनै ३ भाईमध्ये सिद्धे र गोर्खेका हाँगाहरुमा क्रमश अगाडिका सबै पुस्ताका नाम उल्लेख गरिएको छ भने भैरवको हाँगामा एक पुस्ता कम देखिन गएको छ । अहिलेसम्म हामीले भैरवको हाँगामा इच्छुकेलाई भैरवको छोरा मानेका थियौं । तर पुर्खोली विवरण हेर्दा इच्छुके भैरवको छोरा नभएर नाती भएको पायौं । किनकि गोर्खेको हाँगातर्फ जँग बहादुर श्रीस सम्म ६ पुस्ता पुग्नुभएको छ भने भैरवको हाँगातर्फ धन बहादुर श्रीस सम्म ५ पुस्ता मात्र पुग्नुभएकोछ । हामीहरु सानै हुदाँ ज. खर्क बहादुरले इच्छुकेको नाम लिईरहने भएकोले इच्छुकेलाई नै हाम्रो पुर्खाको मूल पुरुष मानेका थियौं । तर अहिले पुर्खाहरुको वंशावली केलाउँदा मनेका ३ भाई छोरामा भैरव पनि थिए तर भैरवको छोरा चाँहि को थिए ? यथार्थ खुल्न नसके पनि इच्छुके भैरवका नाती हुन् भन्ने विश्वास

चाँहि पक्का छ । अब पुर्खोलीहरुका बारेमा टिका-टिप्पणी र छलफल गर्न सफल भयौं । र तत्कालै यो निर्णयमा पुगियोकी जसरी हामीहरुले हाम्रा पुर्खोलीहरुका बारेमा अनुसन्धान गर्नुको साथै लिखितरुपमा परिणत गर्नु पर्दछ भनेर ! छलफलका दायरी भित्र पनि केहि समय त रहनु परयो, त्यस्तै अनुसन्धानको क्रममा हिडदा-हिडदै हामी काश्या गोत्र सामी श्रीसका मुल पुर्खा श्री मने श्रीसका सन्तानहरुले आज हामी सवै मिलेर आफ्ना पुस्ताका नाम समाबेस गरी सकभर सबै पुस्ताको नामावली सहित प्रकाशित गर्ने क्रममा याहाँ प्रतिक्षाको घडीमा जाँदा-जाँदै पनि कतिपय समाग्रीहरु र तथ्य घटनाहरु अँधुरो रहन पुग्यो । अँधुरोपन हुँदा-हुँदै बल्ल आज यस मिति भित्र पूर्ण हुन पुग्यो । जुन हामी दाजु भाई वीचको एउटा महत्वपूर्ण सपना थियो । सायद आज हाम्रा पुर्खोलीहरुले कहि न कहि जहाँ भए पनि सुखको साँस फेर्न पुगे होलान । किनकी, सम्झनु र पुज्नु हाम्रो परम्परा मात्र नभएर कर्तव्य पनि हो । अत: आज लिखितरुपमा एउटा किताबको पाना भित्र सबै पुर्खोलीहरु एकैसाथ रहन पुग्नु सायदै एउटा न्यानोपन महसुस हुन पुगे होला ।

## कारणः

यो पुस्तक (किताब) हामी हङ्कङ्गमा बसिरहेका दाजुभाईहरु मिलेर प्रकाशित गर्ने जमर्को गरेका हौ । किनकि हङ्कङ्ग यस्तो प्रान्त हो जुन विश्वकै व्यापारिक केन्द्र मानिन्छ । तसर्थ हामी जुन ठाउँमा बस्छौं,

त्यही ठाउँको वातावरण, रहनसहनमा धुलमिल हुनुपर्छ । यो हाम्रो वाध्यता र विवशता हो । हाम्रो समय सीप पनि त्यही ठाउँको लागि दिनुपर्छ, जसको कारणवश आफ्ना व्यक्तिगत कार्यहरुमा पनि नमीठो प्रभाव पर्न जान्छ । त्यसैले हामीलाई अझ बढी आफ्नो पहिचान, जाति भाषा, धर्म, संस्कृति र आफ्नोपनले झकझकाउदो रहेछ । यस्ता विभिन्न कारणबाट नै हामीले हाम्रा पुस्तादेखि सन्ततिसम्म खोजखबर गरेका छौ । हङ्कङ्ग जस्तो व्यस्त ठाउँमा बसेर पनि हाम्रा सामी श्रीस दाजुभाईबाट समय समयमा भेटघाट र छलफल गरी लिखित रुपमा उतार्ने निर्णयमा पुग्ने अवसर पाउनु भनेको हाम्रा सन्ततिलाई बाटा खोल्नु हो र सम्पूर्ण सामी श्रीसलाई समेट्ने सक्दो प्रयास गरेका छौ ।

यो पुस्तक (किताब) हामीले पुर्खाका दस्तावेज जस्ता सामग्री राख्न भन्दा पनि हाम्रा मूल पुरुष (पुर्खा) को थिए, कहाँ बस्थे, उनका सन्तानहरु को को थिए कहाँ कहाँ फैलिएर बसेका छन र हालसम्म कति पुस्ता पुगिसकेका छन भन्ने तथ्य र यथार्थलाई विशेष जोड (महत्व) दिएका छौ । हुन त हाम्रा अग्रज दाजुभाई, दिदी बहिनीका साथै हाम्रा सन्ततिलाई पनि यो पुस्तक (किताब) अधुरो कमि कमजोरी भएको लाग्न सक्छ र यसका लागि हामी क्षमा चाहन्छौ ।

# भाग
# १
## सामी श्रीस, काश्यगोत्रका परिवारहरुको पुर्खो पुर्खाहरुका प्रस्तुत विवरण ।

**जातिय समूहद्वारा प्रस्तुत**

देश, राष्ट्र र मानव चित्रको इतिहास मात्र नभएर आजको सर्न्दभमा आफ्नो जातियताको परिचयको पनि आवश्यक्ता छ । आफ्नो जाति भाषा, संस्कृति, मौलिकतालाई भुलेर मानिस भौतिकवादमा दौडिरहेको छ । यस अवस्थामा हाम्रा सन्ततिले आफ्नो पहिचान (पुर्खाको इतिहास) नखोज्लान भन्न सकिदैन । यस्ता विभिन्न कुरालाई मनन गरी हाम्रो काश्य गोत्र भित्र पर्ने सामी श्रीसहरुले औपचारिक तथा अनौपचारिक भेला भई सामूहिक छलफल, ज्ञान आदान प्रदान गरी हाम्रो जातिय उद्धेश्य साकार बनाउन बिभिन्न पक्षहरुलाई मध्यनजर राखी सुक्ष्म अध्ययन तथा विश्लेषण गरी स्पष्ट, सरल एवं सहज ढङ्गले पुर्खो पुर्खाहरुको उल्लेखनीय जानकारी तयार पारिएको छ । सो जानकारी काश्यगोत्र सामी श्रीस परिवारका निम्न दाजु भाईहरुद्वारा तयार पारिएको हो ।

१. क्याप्टेन. श्री धन बहादुर श्रीस (जन्म भार्से) ( हाल रुपेन्देही शंकरपुर)
२. क्याप्टेन. श्री जङ्ग बहादुर श्रीस (जन्म बराहकोट) (हाल हङ्गकङ्ग)
३. सा. मे. श्री जनक बहादुर श्रीस (जन्म बराहकोट) (हाल हङ्गकङ्ग)
४. श्री पदम जङ्ग श्रीस (जन्म बराहकोट) (हाल बराहकोट)
५. श्री होम बहादुर श्रीस (जन्म भार्से दबुङ-८) (हाल हङ्गकङ्ग)(रुपेन्देही बुटवल लक्ष्मी नगर-६)
६. श्री नेत्र बहादुर श्रीस (जन्म भार्से) (हाल हङ्गकङ्ग)
७. श्री देउ प्रसाद श्रीस (जन्म भार्से) (हाल हङ्गकङ्ग) (रुपेन्देही बुटवल लक्ष्मी नगर - ६)

## २. संक्षिप्त परिचय

यस हाम्रा काश्यगोत्र सामी श्रीसका पुर्खोलीहरुको जन्म जुन स्थान र समाजमा भएको थियो, त्यो पश्चिम गुल्मीको सामाकोट भन्ने स्थान मानिन्छ । यो तथ्थ श्री सु. पतिराम श्रीस बराहकोट र इच्छुके श्रीस भार्सेकाले पनि अवगत गराई रहनु हुन्थ्यो । विश्वका मानव चित्रको इतिहास मात्र नभएर हामी हाम्रा जातियताको पनि इतिहास खोज्नु र बनाउन पनि नितान्त जरुरी छ । किनकी भोली आउने पुस्ताहरुले हाम्रा जातियता भित्र लुकेको

इतिहास नपल्टाउलान भन्न सकिदैन । तसर्थ त्यति बेला जवाफ कसरी ? त्यसै अनुरुप आज हामीलाई काश्यगोत्र सामी श्रीस अन्तर्गत पर्ने तथ्य र वास्ताविकतालाई औंल्याउन कतिपय कमि कमजोरीहरुलाइ सुधार्दै जानकोलागी सक्रिया बनाएकोछ ।

विगतका इतिहासलाई पल्टाउँदा हाम्रा पुर्खोलीहरु पश्चिम गुल्मीको सामाकोटबाट गुल्मीकै रीघा, पाण्डवखानी, सिसाखानी, श्वरभँर, साकदी, बराहकोट (उपल्लो गाँउ माझतोल गाँउ र तल्लो गाँउ), सग्नेरी, मसरा, लम्सराङ्ग, गोगा हुँदै गुल्मी भार्से गाबिसमा पर्ने पैयापाटा, चम्लागैरा, उपल्लोदबुङ्ग, तल्लोदबुङ्ग, उपल्लोदबुङ्ग सिरनी, तथा भेडीखाल्टाहरुमा इच्छुके श्रीसका सन्तानहरु फैलिएर बस्न पुगेका छन् ।

ईश्वरको वरदान पुर्खाहरुको ईश्वरप्रतिको आस्था, विश्वास र धर्म कर्मले नै हामी सम्पूर्ण काश्यगोत्र सामी श्रीस, परिवारले यस धर्तीमा पाईला टेकेका हौ । त्यसैले हामी सन्तातिले पनि ईश्वरमा आस्था र विश्वास राखी कुकर्म र कुधर्म प्रति दृष्टिगत नगरी पूर्वजहरुले मान्दै आएका धर्म, परम्परा, आफ्ना पुर्खोलीहरुका संस्कार रीतिरिवाजलाई जोगाईराख्नु हाम्रो कर्तव्य हो । किनकि आफ्नो धर्म परम्परा, संस्कार, रीतिरिवाजलाई जोगाईराख्नु नै हाम्रो पुर्खाको अस्तित्वलाई जोगाईराख्नु हो । यसको

लागि हामी सम्पूर्ण काश्यगोत्र सामी श्रीसका परिवारले जुन ठाउँमा बस्दै आए पनि जन्म, मृत्यु विवाह, पूजा आजा जस्ता आदि कुराहरुमा कुल-कुलान भनेर पुज्ने मात्र नभई भगवानको रुपमा नियमत सम्भदै र मान्दै पनि आएका छौ । त्यही नै हाम्रो जातिय परिचय हो ।

## ३. यस (गोत्रको) आवश्यक्ता

सदियोंदेखि नै जात जाति र धर्मका कुराले प्रक्षय पाइरहेको छ । वर्तमान परिस्थितिमा पनि सबैले आ - आफ्नै तरीकाले यस्मा आवाज उठाइरहेका छन । विभिन्न कारणले गर्दा हामीले पनि यो कुरालाई मनन गरेका छौ । विशेष प्रमुख आवश्यक्ता भनेको नै जातिय आवश्यक्ता हो । हुन त यो आवश्यक्तालाई युगौ युग देखिनै मानिदै र प्रचलनमा ल्याउदै आएको हामी स्पस्ट देखि पनि रहेकाछौं । तैपनि आफ्ना आन्तरिक जातिय र बाहय जातियमा केहि न केहि अंशको भिन्नता हुन्छनै । तसर्थ हामीहरु आफ्नै १३ दिने दाजुभाई बीच र अरु बाहय दाजुभाई प्रति जति आन्तरिक एवं नजिकको नाताले बाँधिन पुगेता पनि अन्तत; मर्दा र पर्दा त्यही तेह्रौं दिने दाजुभाई लाई नै सम्भनु र खोज्नुपर्छ ।

वस्तवमा भन्ने हो भने यस जातिय समूहगत रुपी परिधि भित्र एक आपसमा असीम माया, मह र

दयाको भावनालाई अँगाल्दै विश्वासरुपी किसिमको उद्देश्य र लक्ष्य राख्दै भविस्यतकालमा यस जातिय अन्तर्गतकादाजुभाई दिदीबहिनीहरुलाई विशेषत; सामाजिक - शारीरिक र मानसिकरुपमा प्रत्यक्ष भएसक्दो सहयोग पुग्ने उद्देश्य यस जातियको आवश्यक्ता महसुश साथ साथै सम्पूर्ण कुराहरु जति महत्वपूर्ण एवँ आवश्यक्ता हुन्छ त्यतिनै हाम्रा परिवारभित्रका हाडनाताले महत्वपूर्ण भूमिका खेलीरहेको हुन्छ । हाडनाता भन्नु एउटा रगतको नाता हो । रगत भन्नु एउटा वंश हो, अर्थात उत्पत्ति हो । त्यसैले अहिलेको विकसित परिस्थितिमा हाम्रा सन्तानहरु विश्वका कुनै पनि स्थानहरुमा पुग्न सफल भैरहेकै अवस्थामा हाम्रा सन्तानहरुलाई यो अवगत हुन जरुरी छकी, आफ्ना पुर्खाहरुका जानकारीको साथै आफ्ना वास्तविक जातिय र गोत्रहरुको बारेमा सम्पूर्ण अवगत हुनु अत्यन्त जरुरी छ । किनकी हाडनाता भन्नु एउटा वंश र रगतको नाता भएको हुनाले भविस्यतकालमा भावी सन्तानहरु पनि हाडनाताको परिधिको घेरा भित्र फसेर आफ्ना जुन सुचारुरुपले चल्दै आएका सनातन धर्म, संस्कार एवं वंशजहरुको रुपलाई रुपधारण गर्न नसकेर अर्कै मार्गमा पाईला चाल्न विवश हुनु भनेको वंश नाश एवं आफ्ना जात जातिय देखि सदा-सर्वदाको लागी बेईज्जत विदाई लिनु हो । त्यसैले यो सुरक्षितको जिम्मेवारी भनेको परिवारको मूल सदस्य माथी निर्भर

रहन्छ । पूर्वज जानकारी दिनुभनेको आफ्ना वंश र रगत बचाउनु हो । त्यसकारण अन्तत: सम्पूर्ण जरुरी आवश्यक मध्ये यस आवश्यकतालाई अझै महत्वपूर्ण आवश्यकता महसुस गरिएको छ ।

## ४. उद्देश्य

संसारमा जन्मनु र मर्नु प्राकृतिक नियम हो । तैपनि ब्यक्तिको, परिवारको सुखद वा दु:खद घटनाले आफन्त तथा आफ्ना दाजुभाई दिदीबहिनीहरु प्रति पक्कै पनि प्रभाव पारेकै हुन्छ । कसैको दु:खद घडीमा सहानुभूति र सहयोग गर्नु हामी मानवको कर्तव्य पनि हो ।

विशेष हाम्रो सामी श्रीस परिवारभित्र घटना, दुर्घटना, आपतकालिन परिस्थिति साथै मृत्यु हुन गएमा सम्पूर्ण सामी श्रीस परिवारले, शारीरिक, मानसिक आर्थिक आवश्यक्ता अनुसार सबैले सक्दो सहयोग गरुन भन्ने हाम्रो उद्धेश्य हो ।

(क) यस जातिय सँग संबद्ध परिवारहरुमा हुने व्यक्तिको घटना, दुर्घटना, आपतकालिन परिस्थिति साथै मृत्यु हुन गएमा यस जातिय समूहदायहरुले सामाजिक, शारिरिक तथा परिस्थितिवश आवश्यकता अनुसार आर्थिक सहयोग गर्दछ ।

## ५. यस जातियको कार्य - र परम्परा

विश्वको कुनै पनि जन जातिय अन्तर्गत आ-आफ्नै कार्य बिधि र परम्पराहरु भए जस्तै हाम्रो यस जातिय परिधि भित्र पनि एक किसिमको कार्य बिधि बमोजिम परम्पराहरुलाई आफ्नै किसिमको चलन चल्तिहरु प्रति पालना गर्दै आईरहेको छ । जुन कार्य बिधि र परम्पराहरु पुर्खोउली देखि सुचारुरुपले नै प्रचलनमा आएको हो ।

(क) यस जातिय सँग सम्बन्धित परिवारहरुमा भैरहने कार्य र परम्परा हरु जस्तै : जन्म - मृत्यु, विवाह व्रर्त हरुमा मात्रै आफ्नै किसिमले संस्कार - रीति रिवाज र परम्पराहरुलाई नअँगालेर चाड-पर्ब, पूजा-आजा हरुमा पनि आफ्नै किसिमको उपरोक्त परम्पराहरु मानिदै आएको छ ।

# भाग २

## परिचय

हाम्रो पुर्खा नेता दरलीङ पारखानी दर्मो छापो बाट मने श्रीस भन्ने छापो आए । उनको भाई जुन सग्नेरी को हाँगा हो । मने श्रीसलाई ६३ बर्ष मा छोरा भयो जो (सिद्धे गोर्खे भैरव) र यिनीहरुको जन्म छापोमा भयो । यिनीहरुमध्ये २ भाई (सिद्धे र गोर्खे) १८७८ साल मा बराहकोट आए । यिनीहरुमध्ये १ भाई (भैरव) भार्से गए ।

यो भाग २ परिचय श्री स्व. सु. पतिराम श्रीसको हातले जस्तो लेख्नु भएको थियो उस्तै याहाँ उतारिएकोले कोही गल्ति या सचाईको महशूस नगर्न अनुरोध छ ।

# भाग
# ३

<u>**सुनेको इतिहास**</u>

सबैको धर्ममा आस्था र विश्वस हुन्छ । सृष्टि कालदेखि नै ऋषिमुनि र तपस्वीहरुबाट गरिएका तपस्याबाट खुशी भएर भगवानले वरदान दिनुभएको कुरा प्रतिको प्रचार-प्रसार एवं भगवान प्रतिको विश्वास र आस्थामा आधारित व्यवहारहरु सर्वविदितै छ । तर हाम्रै काश्यगोत्रका सामी श्रीस परिवारहरुका पुर्खाहरुबाट पनि भगवानप्रति अटल आस्था र विश्वास राखेर स्वच्छ निर्मल एवं पवित्र हृदयले गरेको पूजा आर्चना एवं प्रार्थनाको प्रतिफल स्वरुप वरदानको रुपमा सन्तान पाएको घटना पनि यथार्थतामा आधारित वास्तविक इतिहास हो ।


हाम्रो मूल पुर्खा मने श्रीसलाई ६२ बर्षसम्म पनि कुनै सन्तान भएनछ । सन्तान प्राप्तिको लागी उहाँले “सिद्धे बाबा” देवतालाई पूजा आर्चना एवं तपस्यारुपी प्रार्थना गरे पछि ब्रदानमागे त्यसपश्चात जेठो सन्तानको रुपमा छोरा पाउनु भएछ । जसको नाम उहाँले सिद्धे श्रीस राख्नुभएछ । त्यसपछि फेरी अर्को सन्तानको लागि “गोरखनाथ बाबा” लाई ( गोरखा र गोरखपुरका गोरखनाथ बाबा) प्रार्थना गरेपछि दोस्रो छोराको जन्म भएछ, जसको नाम पनि

"गोर्खे श्रीस" राखिदिनु भयो । त्यस पश्चात उहाँको परिवारमा हर्ष र खुशीले छाईरहयो । अझै अर्को सन्तानको इच्छाले उहाँ मौन रहन चाहानु भएन अझै पनि उहाँको प्रार्थना प्रति प्रयास र ईच्छाहरु सुचारुरुपले जारीनै रहयो किनकी अझै उहाँको एकपल्ट देवता परिक्षाको लागी अर्थात आफ्नै तसल्ली र वास्तविकताको लागी अर्को "भैरव बाबा" देवतालाई भकल र प्रार्थना गर्नुभयो र तेस्रो सन्तानको रुपमा पनि छोरा नै भयो जसको नाम पनि देवताकै नामसित मिल्ने "भैरव श्रीस" नामाकरण गरिदिनु भयो । यसरी पुर्खाको भगवानप्रति निश्चल निष्ठा त्याग, प्रेम भएकोले उहाँले सन्तानको (छोरा) वरदान दिएर नै हाम्रो अस्तित्व कायम भएको छ ।

यस्ता उपरोक्त वास्तविक यथार्थ घटनाहरु हाम्रा सामी श्रीस परिवार भित्र हुन गयो जुन यथार्थ कुराहरु अहिले पनि यहाँका हाम्रा बुढा पाका हरुले सुनाउदै आईरहेका छन । अन्तत: त्यसैले यस्ता वास्तविक घटनाहरु प्रति मध्ये नजर राख्दै र हाम्रा जातिय परिधि भित्रका परम्परालाई भावी सन्तानहरुले नियमितरुपमा पालन गर्नु एवं सम्झदै जानु नै यो हाम्रो जाति र परिवारको लागी वर्तमानमा मात्र नभएर भविस्यमा पनि उज्जवलताको साथ भलाई हुन पुग्ने छ । यी देवताहरु जस्तै (सिद्धे बाबा, गोर्खे बाबा, भैरव बाबा अझै पनि बाराहकोट गाउँको

खर्क भन्ने जग्गामा यथावतै सुरक्षित छन् । जो हाम्रा परिवारहरुले पूजा आजा गर्दै र मान्दै आईरहेका छन् । यो काल्पनिक कथन होईन बल्कि हाम्रा परिवार भित्र घटेका घटनाको यथार्थतामा आधारित वास्तिविक इतिहास हो ।

अन्त्यमा हाम्रा मूल पुर्खाले जुन आस्था विश्वास भगवानप्रति गर्नुभयो, त्यो हामीले पनि गर्नुपर्छ । हुनसक्छ हाम्रा सन्ततिले ईश्वरमा आस्था नराख्लान् तर सबै सन्ततिले सनातन धर्मको बाटो बिराएर, मानवतालाई कुल्चेर समाजभित्र बसेर समाजले, प्रकृतिले बाँधेको सीमा र नियमलाई उल्लङ्गन अवश्य गर्नेछैनन् भन्ने हाम्रो विश्वास हरु यो हाम्रो उपदेश हो । अर्को अर्थमा भगवान पुज्नु र मान्नु भनेको आफ्नो सनातन धर्ममा जानु र आफू भन्दा ठूलाको इज्जतको सामना मान-सम्मान गर्नु हो । यदि यी उपरोक्त कुराहरुको विपरीत जान्छ भने सायदै कुनै पनि वर्गका व्यक्तिहरु आ-आफै अपमानित भएर बाँच्नु हो । अन्ततः भगवान प्रति विश्वास र आस्था नगर्नु छुट्टै मार्ग हो । तर कसैले पनि त्यसको उल्लङ्गन गरेर हिडन चाहाने व्यक्ति प्रति हस्तक्षेप गर्नु सायद त्यो भन्दा नराम्रो शब्द खोजेर कहि पाउदैन होला । स्वयं आफै मन्द गतिमा विलिन हुनु विकल्प अरु मार्ग केहि भेटिने छैना ।


बराहकोट गाउँ

जुन हाम्रो पूर्खेउलीको किताबमा ६२४ पृष्ठ (Page) लेखिएकोछ ।

मानवको बिकास र विकसित अनुरुप त्यसलाई अझै सरल र छिटो छरिटो होस भन्ने हेतु एवं विचार र सबैको इच्छाले यो Website मा हाम्रो किताबको पृष्ठ अनुसारको क्रम संख्या १८ देखि ३३२ र ३३५ देखि ५८१ सम्मको बीचको क्रम संख्याहरुलाई हताई दिएका छौं ।

त्यसैले Website मा पूर्ण नभएको जानकारी दिंदै "हाम्रो सामी श्रीस काश्यगोत्रको किताबमा नै हेर्न हुन अनुरोध गरीन्छ" ।

## **राईला मनबहादुर श्रीस** पृष्ठ ३३३ - ३३४

मानवपनको जन्म जुन सुकै स्थानमा भएता पनि सबै मानवको कर्म र भाग्यहरु एउटै रेखामा दौडीरहेकै हुन्छ त्यति मात्र फरकहो जन्मदा घडीको फल कसैको मिठो र कसैको तितोपन अर्थात कसैको जिन्दगी पूर्ण र कसैको अधुरोपन यसै अनुरुप सामी श्रीस काश्यागोत्र अन्तर्गत पर्ने बाराहकोट गोर्खे हाँगाका राईला मनबहादुर श्रीस को जिन्दगी पनि अधुरोपनमा नै समाप्त हुनपुग्यो । समय बित्दै गयो उहाँ पनि समयकै पाइलामा हिडदै जाँडा एक दिन उनलाई प्रदेश लाग्ने विवशताले समात्यो त्यही विवशताको प्रतिफलले उनको आकस्मिक घटना मा परिणत हुन पुग्यो उनको त्यही नै जिन्दगीको अन्तिम घडीको सास फेर्न पुगे । उनी समयको साथ साथै एकदिन प्रदेश लागे, केही समय बिदेशमा नोकरी गरे पश्चात स्वदेश आफ्नै जन्मभूमीको मायाले बोलायो र उनी केहि महिनाको लागी घर बिदा लिएर आफु सँगै काम गर्ने साथीहरु सँग आईरहेकै बेला उनीहरु गुल्मी जिल्लाकै रीडि हुँदै तातीम भन्ने ठाँउमा बास बस्न पुगे कति साथीहरु सँगै रमाईलो गर्दै आफ्नै जन्मस्थानमा पुगी माता पिताहरुका सपना साकार बनाउने र आफ्ना भविस्य उज्वलको लागी कल्पना साकार हुने वाचा वचनहरु

गरेका थिए होलान तर उनलाई के थाहा की यी सपना र कल्पनाहरु एकै रातमा नै अधुरोपनमा विलिन भएर जान्छ भनेर ! त्यही रात उनकोलागी एउटा ठूलो जाल रचियो, जुनकी उनकै साथीहरु र भट्टीवालाहरु मिलेर उनलाई मार्ने रचना रचे पश्चात त्यही राती उनको हत्या गरियो मार्नुको कारण उनले बिदेशमा नोकरी गरेको पैसाले सुनको फाली लिएर आएकाथिए र त्यसैको लोभ र लालचमा उनिहरुले हत्या गरे । त्यस पश्चात हाम्रा गाउँलेहरु घटनाको छानविन गर्न जाँदा आफै नै रुखमा झुन्डिएर मरेको हो भनेर भने तर वास्तवमा त्यो सत्य थिएन किनकी त्यहा कुनै तथ्य प्रमाणित त केही थिएन तर त्यहाँका गाउलेहरुले देखे वमोजिम त्यहि भट्टी माथीको बारीमा उहाँहरुको पक्कै पनि लडाई भएको अनुमान गर्न सकिन्छ । किनकी त्यो बारीको मकैहरु ढलेको सबैले देखेका थिए । उनका एक भाई छोरा शस्बहादुर श्रीस थिए । उनको आमा अन्तै (पोइलो) गए पछि उन्को रेख देख गरेर आफ्नै काइला बाबा हर्क बहादुर श्रीसले हुर्काएका हुन । शस्बहादुर श्रीसले सीक्दी साहुको छोरी सँग बिबाह गरेका थिए । शस्बहादुर श्रीस पनि जागीरको लागी आफ्नै पिता जस्तै भारतमा जागीरमा पुगेका थिए । उनको पनि उतै भारतमा मृत्यु भयो र उनीहरुबाट कुनै सन्तान भएन ।

# भाग
# १०

## व्यक्तिगत इतिहास पृष्ठ ५८४ - ६२०


| | |
|---|---|
| जंग बहादुर श्रीसको व्यक्तिगत इतिहास | पृष्ठ ५८५ - ६०८ |
| जनक बहादुर श्रीसको व्यक्तिगत इतिहास | पृष्ठ ६०९ - ६१० |
| धर्म प्रसाद श्रीसको व्यक्तिगत चिनारी | पृष्ठ ६११ – ६११ |
| होम बहादुर श्रीसको व्यक्तिगत इतिहास | पृष्ठ ६१२ - ६१८ |
| हाम्रो पुर्खाका बीरहरु | पृष्ठ ६१९ - ६१९ |
| हाम्रो क्षमा याचना | पृष्ठ ६२० - ६२० |
| मूल्य | पृष्ठ ६२४ - ६२४ |

## मेरो जीवनको तथ्य कहानीहरु

म जंग बहादुर श्रीस । मेरो जन्म बि० स० २००२ साल माघ महिनाको १८ गते विहिवारको दिन बुबा पतिराम र आमा हरिकला श्रीसको पवित्र कोखबाट (पहिला गुल्मी) हाल बाग्लुङ्ग जिल्ला बराहकोटमा भएको हो । हाम्रा सबै मावलीहरु बाग्लुङ्ग लेखानीमा बसोबास छन् । जेठी र माइली आमाहरु नि:सन्तान हुनु भएकोले पछि हाम्रो आमालाई विवाह गर्नुभएको हो । जेठी र माइली आमाहरुको मावली पनि बाग्लुङ्ग देउराली हो । हाम्रो बुबा इण्डिया आर्मीको थर्ड गोर्खा राइफलमा सेवारत हुनुहुन्थ्यो । उहाँ सुबेदार भईसक्नु भएको थियो र भोलीबाट उहाँलाई सुबेदार मेजर पदमा बढुवा गर्ने आदेश पनि आएको रहेछ । तर सुबेदार मेजरको दर्जा लगाउनु आदेश भएको साँझपख देखि नै उहाँलाई एकदमै लगातार नराम्रोसित टाउको दुख्ने रोगले समात्न पुग्यो । उहाँको त्यो एउटा जीन्दगीको सबभन्दा ठूलो अर्थात भयानक दर्दनाक घटना थियो । त्यसबेलाको आपतकालिन स्थितिले उहाँलाई एक बर्षसम्म आर्मी अस्पतालमा दबाई पानी भईरहेतापनि उहाँको स्वास्थ्यमा कुनै परिवर्तन र सुधारको कुनै लक्षण देखिएनछ । झन पछि उहाँको स्वास्थ्यले अझै गम्भीर रुप लिन थालेपछि डाक्टरले बुबाको स्वास्थ्यमा कुनै सुधारको सम्भावना नदेखेपछि

बाध्यतावश चिकित्सकले नेपाल आफ्नो जन्मभूमीमा पत्र पठाउने विचार गरिरहेकै बेलामा, बुबाको इच्छा बमोजिम डाक्टरहरुले पनि आफ्नै जन्मभूमी नेपाल पठाउने निधो गरेछन । १० जना आर्मीका जवानहरु र दुईवटा घोडाको रेखदेखमा सुबेदार दर्जाको पेन्सनसहित आफ्नो जन्मभूमी नेपाल घरमा सही सलामत पुराई दिए, साथमा लिएका दुई वटा घोडामध्ये एउटा घोडा बुबालाई नै छोडीदिएका रहेछन् । एकतर्फ उहाँ र पविारहरु प्रति साह्रैनै दु:ख र चिन्ताको बिषय बन्न पुगेको थियो, त्यसैको ठीक विपरित केहि समय पश्चात उहाँ र परिवारहरु समक्ष सुख र सन्तोषको साँस फेर्ने सुअवसर पाउनु भनेको पक्कै पनि भगवानकै खेल हुनु पर्छ । किनकी त्यसै अनुरुप हाम्रो बुबा घर पुगे पछि गल्कोट बाग्लुङ्गको बैद्यको दवाई पानी र रेखदेखमा साथै भगवानको कृपा र आर्शिवादले गर्दा घर पुगेको एक बर्षमा फेरी पहिले झैं स्वस्थ्य र तन्दुरस्त अवस्थामा आई, उहाँलाई ५५ बर्षको उमेरमा म जेठो छोराको जन्मिएछु । एउटा तथ्य यथार्थ कल्पना......, के गर्न सकिन्छ भने, यदि हाम्रो बुबाले सुबेदार मेजरको दर्जा लगाई पद समाल्नु हुन्थ्यो भने र त्यस्तो अकल्पित अथार्त अचनाक अनौथो विमारले फेला नपार्दथ्यो भने सायद हाम्रो जाय जन्म नहुन पनि सक्दथ्यो कि ! हाम्रो बुबाको सन्तानको लागी भगवानले पक्कै पनि एउटा त्यस्तो

घटनाको रचना रचेको हुनु पर्छ । हुन पनि त्यस्तै घटना हुन पुग्यो । हामी छोरा छोरीहरुको जन्म हुनको लागी बुबा आमाले कुल कुलान र भगवानसित प्रार्थना गरी बरदान माग्नु को साथै पोखरी र चौतारीको निर्माण पनि गरेका थिए । यो पोखरी चौतारी हाम्रो लेकको गोठमाथि मूल बाटोमा अझै पनि यथावतै रहेको छ । समय समयमा सर-सफाई र संरक्षण गर्दै आइरहेका छन् । हाम्रो बुबाको जीन्दगीको सफरमा दुःख सुख र चिन्ताको साथ साथै कठोर परिश्रमको फलस्वरुप सुबेदार दर्जामा रीटाइर (Retire) भएर गाउँमा फर्के पछि पंचायत कालमा प्रधानपञ्चको पद समाल्नु भएको थियो । भगवानको इच्छा र चाहाना पनि कस्तो ! त्यहि प्रधानपञ्चको पद समाली रहनु भएको बेलामा सायद समयमा खान पिनको ठीक ब्यवस्था र समयको अनुकुल वातावरण नमिलेर होला, बुबा लाई त्यसैको परिणाम स्वरुप नराम्रो रोगले समात्न पुग्दछ । उहाँ ७३ बर्षको उमेरमा स्वोर्गवास हुन भयो ।

म २००२ सालमा जन्मे पछि मेरा भाई र बहिनीहरु क्रमशः ठुली बहिनी २००४, माहिलि बहिनी २००६, कान्छा भाई २००९, साइली बहिनी २०१२ र कान्छी बहिनी २०१७ मा जन्मेका थिए । म स्यानो वच्चा देखि हुर्कदै जाने क्रममा, हुग्दीशिर बेसीको खेत, बराहकोटको लेकदेखि लिएर साकदीको

सत्यवती बर्जुको दर्शन गर्नको लागी मलाई बुबाले बुबालाई इण्डिया आर्मीले दिएको घोडामा चढाएर घुमाउनुभएको त्यो दिनको सम्झना अझै पनि मेरो आँखाको वरिपरि झल्झलि याद आई रहन्छ । मैले मङ्गलापुर र माईथानको स्कूलमा पढेर १० बर्षको उमेरमा पाँच कक्षा पास गरिसकको थिएँ । तर त्यो समयमा आज जस्तो शिक्षाको राम्रो ब्यवस्था थिएन र धेरै स्कूलहरु पनि बनेको थिएनन् । यदि माथिसम्म पढन चाहेको खण्डमा गाउँदेखी टाढा टाढा जानुपर्दथ्यो र उतै बसेर स्कूल पढनु पर्दथ्यो । धेरै किसिमका समस्याहरु झेल्नु पर्दथ्यो भने, त्यसैक्रममा मैले पनि बुबा आमा लाई म भार्सेको हाईस्कूलमा पढन जान्छु भनि विनम्र अनुरोध समेत गरेको थिएँ । हाम्रा गाउँका साथीहरु पनि त्यही भार्सेको हाईस्कूलमा पढन गएका थिएँ । तर बुबाले भन्नुभयोकि, बाबा-आमाको मन छोरा छोरी माथी, छोरा छोरीको मन ढुङ्गा मुढा माथी उखान सुनाउनु भयो । हुनपनि किन दु:ख र चिन्ता नहोस, बुढेसकालमा छोरा छोरीहरु जन्माउने इच्छाको लागी तिन तीन वटा श्रीमतीहरु विवाह गरि भगवान प्रति प्रार्थना गर्नु, पोखरी र चौतारीहरुको निर्माण गर्नु त्यस्तै त्यो उमेरमा के के गर्नु भएन होला र ! आफ्नो भविष्य उज्जवल र सुख शान्तीको लागी ! किनकी एउता अमूल्य पद (सुबेदार मेजर) गुमाई सक्नु भएको थियो । त्यसैले हजारौं दु:ख पूजा आजा

गरी पाएको छोरालाई आफ्नो आँखा देखि टाढा पठाउँदा दु:ख र चिन्ता लाग्नु सबैको लागी स्वाभाविकै हो । त्यस्तै समयको अन्तराल पछि हामी भाई वहिनीहरु स्यानो हुँदा आमाको दिदीको छोरा माइला दाई र आमाको भदेनीले हाम्रो घरमा बसी हामीहरुलाई रेख देख र दु:ख सुखमा मद्दत गर्नु भएको त्यो समयको पलहरु र उहाँहरुलाई जिन्दगीमा कहिले पनि हामी भुल्ने छैनौं । हाम्रो घरमा गाई भैंसीहरु धेरै भएकोले एकजना गोठालो पनि राखेका थियौ । एक दिन घटना! गोठालोले सिन्दूरे भीरमा खर घाँस काट्दै गर्दा गोठालोलाई अचानक एउटा ठुलो कालो भालुले भयानक श्वरमा हवाङ्ग हवाङ्ग गर्दै आक्रमण गरेछ र गोठालोले ग्वार ग्वार भन्ने आवाज निकालेछ, र भाग्यवश त्यसै समयमा हाम्रो बुबा पनि त्यही कतै नजिकै हुनु हुँदो रहेछ । सायद भगवानले मद्दत र ज्यान बचाउनकोलागी हाम्रो बुबालाई त्यहाँ पठाएको हुनु पर्दछ । हुन त हाम्रो बुबा प्राय:जसो त्यही गोठमानै बस्नुहुन्थ्यो । किनकी हाम्रो गाई भैंसीहरु धेरै भएको कारणले एउटा गोठालोलाई मात्र समाल्न गाह्रो पनि भएकोले गाई भैंसीहरु हेर्न र मद्दत गर्नु हुन्थ्यो । त्यसैकारणवस बुबा पनि नजिकै भएकोले त्यो भालुको हवाङ्ग हवाङ्गको आवाज र गोठालोको हार गुहार र चिच्याएको आवाज सुन्नु बित्तिकै बुबाले साथमा भएको बन्दूकले लगातार दुई गोली फायर गर्नुको

साथै हाहा र हूहू गर्दै चिन्ता नगर म  मद्दतको लागी आउँदै छु भन्दै गोठालो भएको घटना स्थलमा दौडदै पुग्नु भएछ । भालुको आक्रमणवाट भालुको नङ्ग्राले गोठालोको दाहिने गालापत्ति चोट पुग्न गएछ । गोठालोले पनि आफ्नो हसियाँले भालुको टाउकोमा हिर्काउनुको साथै खुट्टाले धकेल्दा भालु पनि एकातीर बन्दूकको अवाज र हाहा र हूहू को आवाज र गोठालोको हसियाँको प्रहारबाट रन्थनिएर अरु कुनै नोक्सान नपारी भालु भागेछ । अब बुबाले अरु मान्छेहरुलाई  मद्दत मागी घाइते गोठालोलाई बोकेर गोठमा ल्याउनु भएछ । अब बुबालाई अझै अर्को बोझ थपिन पुग्यो, किनकी गोठालालाई स्यार सुसार र रेख देख, गाई भैंसी लाई घाँस पानीको व्यवस्था गर्न ग्राहो भएकोले बुबाले सहयोयको लागि मलाई गोठमा आउनु भनेर खबर पठाउनु भएको थियो । म पनि लेकको गोठमा जाने क्रममा, गुरुङ्ग थुम्का भन्ने जग्गामा पुग्दा धेरै रात परिसकेकोले साथै त्यो भन्दा माथी जङ्गलै जङ्गलको वाटो भएकोले त्यहाँ भन्दा अगाडी एकपाईला पनि चाल्नु सकिन । र त्यहि जग्गा देखि  ठूलो श्वरमा कुरल्दै बुबा बुबा भन्दै मैले बुबालाई बोलाउदा बुबाले मेरो आवाज सुन्नुभएछ र भन्नु भयोकि! वावु तिमी त्यहि जग्गामा बस म लिन आउँछु भनेर लिनु आउनु भयो । गोठमा पुगे पछि सबै चिजको बन्दबस्त हुनुको साथै गोठालालाई स्यार सुसार र दवाई

पानीको राम्रो बन्दवस्त भएको कारणले गोठाला पनि छिटै एकदमै राम्रो पहिलेकै स्थितिमा आई पुग्यो । त्यो एउटा हाम्रो लागी एउटा परिक्षा नै थियो भन्नु पर्दा केही नहोला ।

समयहरु वित्दै जाँदा म पनि १३ बर्षको उमेरमा पाईला टेकी सकेछु । त्यो समयको त्यो १३ बर्षको उमेर अहिलेको वच्चाहरुको उमेर भन्दा केहि अँश बढि नै हुन्थ्यो । किनकी त्यो वेलाको त्यो उमेरमा सबै घरको व्यवहारहरु समाल्नु पर्दथ्यो भने अहिलेका ती उमेरका वच्चाहरु वच्चानै भएर झोला बोकेर स्कूल जाँदै गरेका हुन्छन् । त्यसैले होला अर्थात बुबा आमालाई नौलो वुहारी भित्राउने रहरहरुको प्रवल इच्छा भएरै होला, सायद ओल्लो पल्लो घर तिर भित्राएको देखेर आफ्नो पनि त्यस्तै भित्राउने इच्छा चाहानाहरु जागेर होला । त्यसै १३ बर्षकै उमेर नपुग्दै बुबा आमाले मेरो भविष्यवाणी अर्थात चिना हेराउनको लागी पण्डित लाई घरमा बोलाएर मेरो चिना हेर्न लगाउनु भएछ । साच्चै बुबा आमाले जस्तो कल्पना र चाहाना गर्नु भएको थियो त्यस्तै भने जस्तै पण्डितजीले पनि यही १३ बर्ष भित्र नै विवाहको सुभलगन छ, नत्र पछि अलि समय कुर्नपर्ने कुरा पण्डितबाट सुनेपछि बुबाले पनि अहिले विवाह गरिदिने कुरा मलाई भन्नुभयो । त्यो बेलामा म नत मान्छे बनेको थिएँ नत एउटा म

मा जवानीपन नै आईसकेको थियो । विवाह भन्ने शब्द नै मलाई थाहा थिएन भने किन मैले अस्वीकार नगर्ने ! अस्वीकार गर्दा गर्दै पनि मात्रै अ ! निस्कियो, अरु शब्द सबै यथावतै रहन पुग्यो । तर पनि अन्ततः विवाह गर्न बाध्यता भए पछि एउटा फिल्मी कहानीमा परिणत हुन पुग्यो । किनकी पहिला हाम्रो पालामा दुलही भाग्ने चलन- प्रचलन थियो । गाउँका वुढापाकाहरु छोरीको घरमा गएर छोरी को बुबा आमा र उस्को नजिकैको नाताहरु सँग कुराकानी गर्नु पर्दथ्यो । दुबै पक्षवाट हेराई-चराई गरेर राम्रो आए पछि, छोरीको घर देखि मन्जुरी आउनु पर्दथ्यो - मन्जुरी आयो - छोरी दिने भयो, विवाह शब्द पुनः दोहोरिने भयो । तर त्यो समयमा छोरीले फलनाको छोरालाई दिएको छरे भन्ने सन्देश सुने पछि भाग्ने चलन थियो । तर त्यसबेला दुलहीलाई त्यस्तो मौका भएन । सायद मेरो कर्मले गर्दा उनलाई त्यस्तो भाग दौड गर्न परेन । किनकी दुलहीको बदलामा म नै भागेर लेकको गोठमा पुगेछु । गेठालालाई पनि घरतिर पठाइदिएर म एक्लैले ४ दिन सम्म ३५ वाटा गाईहरुलाई स्याहार सुसार गरेर बसिरहेकै बेला बुबा आई पुग्नु भयो, मलाई बुबाले राम्रो र मायालु प्रकारले सम्झाउनु भयोकी जसको परिणाम स्वरुप म विवाहको लागी त्यो वेलामा बाध्यतामा परे । तर बल्ल अहिले आएर कल्पना गरिरहन्छुकी त्यो विवाह मेरो बाध्यता नरहेछ, एउटा

लेखन्ता र जीवन साथी रहेछ । हुनत सम्झाउनु र बुझ्नुमा धर्ती आकाश भिन्नता हुन्छ, तैपनि कहिलेकाही बाध्यताको सफर पनि सफल भएर पुग्न जाँदो रहेछ । त्यो एउटा मेरो लागी तथ्य-सत्य सफल्ताको कहानीहो । मेरो विवाह श्री अमर बहादुर काउचाको कान्छी छोरी हरिमायाँ सँग भयो ।

समयहरु बित्दै गयो - म पनि १६ बर्षको उमेरमा टेक्न पुगे छु । मैले बुबा आमा लाई ब्रिटिस आर्मीमा भर्ति हुने ईच्छा राखेको थिएँ । बुबा आमाले पनि मलाई राम्रो अर्ती बुद्धि दिनुको साथै मेरो ईच्छा प्रति कुनै रोकावट देखाउनु भएन । म १८ बर्षको उमेर लेखाएर ब्रिटिस आर्मीको भर्ति केन्द्र पक्लिहवामा २२ अक्टोबर १९६२ को दिन भर्ति भएँ । केहि दिनपछि नै हामीहरु पक्लिहवाबाट नौतुना, गोरखपुर, बनारस हुँदै कलकत्ताको ट्रान्जिट कैम्पबाट इण्डियाको हवाईजहाजद्वारा मलायाको सुङ्गई पटानीको ट्रेनिङ्ग क्याम्पमा पुग्यो । १ बर्षको ट्रेनिङ्ग पूरा भएपछि पल्टनको बाँडफाँड हुदाँ मलाई फर्स्ट बटालियन सेकन्ड किङ्ग एडवार्ड गोर्खा राइफलमा नियुक्त दिई आफ्नो पल्टन भएको जग्गा सिङ्गापुर सिलिम ब्यारेकमा पठाए । पल्टनमा पुग्दा पल्टनको गोर्खा मेजर साहेबले स्वागत, कसम खाने पेरेडको कार्यक्रम भएको थियो । हाम्रो पल्टन बोरनेवको लडाँईमा भएकोले पल्टनको मद्दतको लागी हामिहरु

पनि त्यही जान परयो । लडाईको सामानहरु इशु भयो । अनि हामीहरु २ दिन २ रात भरी असैनिक पानीजहाजमा सफर गऱ्यौ । त्यसपछि हामीलाई लडाकु पानिजहाजमा सारीयो । सारे एक दिन सफर गरे पछि बटालियन हेडक्वार्टर भएको जग्गा केपिटमा पुराउँदा हामीलाई त्यहाँ पनि बटालियन एड्जुटएन्ट साहेव र आर. ए. सेमले हाम्रो पल्टनमा आएको खुशीको स्वागत गर्नुको साथै फेरी हामीलाई आफ्नो आफ्नो कम्पनीमा जानको लागी तयार रहने आदेश जारी भयो ।

म ए कम्पनीमा परेको हुनाले भोलिपल्ट बिहानै हेलिकप्तर द्वारा कम्पनी भएको जग्गा मा पुग्यौं । र त्यहाँ पनि कम्पनी क्वटर्रमास्टरले स्वागत गर्नुको साथै कम्पनीका वारेमा सबै जानकारी दिदै पुरा लडाईको आदेशहरु अफिसर कमान्डिङ्ग साहेव र प्लाटून कमान्डर साहेवहरु बाट हुनेछ भनी पुरा भरोसा र विश्वास दिलाएका थिए । यसैगरी लडाँईको मैदानमा सिपाहीहरुको जीन्दगी भगवानको कृपा र आर्सिवादले गर्दा दैनिक दिनचर्यहरु राम्रै प्रकारले चलीरहेको थियो । कहिलेकाही समयको हूरी-बतास पनि नपत्याउँदो तरिकाले चल्दो रहेछ । जबकी हाम्रो बुबालाई अपरिचित व्यक्तिले गाँउमा हल्कराले पल्टनबाट धागोले बाँधेको चिट्ठी लिएर छोडेकोछ, सायद (मेरो नाम लिएर), फलनाको त होईन भनेर सुनाई दिएछ । बुबाको मनमा शंका उपशंका को

चिसोपन पस्नु स्वाभाविकै हो । किनकी उनको छोरा पनि लडाईको मैदानमा होमिन पुगेको छ । बुबालाई शंकाको ज्यादै पिर मर्का चलि रहेकै वेलामा बेलुकी सबै घरका परिवारहरु सधैको झैं साधारण खानपिनको प्राम्भ भएछ । खानपिन सिद्धिए पछि सबै परिवारहरु आराम गर्न गएछन्, त्यसै मौकामा बुबाले आमा लाई घटनाको सबै विवरणहरु स्पष्ट तरिकाले वताउनु भएछ । त्यो दु:खीत घटनाको स्थितिमा कुनै पनि एउटा जन्म दाताको आँखाबाट आँसु रसाउनु सबैकोलागी एउटै दु:ख र चिन्ता समानता हुनु स्वभाविकै हो । तर पनि आमाले जति दु:ख र चिन्ता सहँदै शंका र उपशंका नमानीकन भगवान देविले देखे जस्तै गरी भन्नु भएछकी, हाम्रो छोरालाई केहि पनि भएको छैन, सत्य कुरा थाहा नपाएर दु:खी र चिन्ता नगर्नु भनेर भने पछि बल्ल शान्त मनले सुत्नु भएछ । हुनपनि पछि यस्तो चिट्ठी हाम्रो गाँउमा आउँदै नआएको थाहा भएछ । यहि क्रममा हाम्रो पल्टनले ६ महिना बिताएपछि हाम्रो बदलामा ६ गोर्खा राईफलका जवानहरु आएका थिए । यसै पल्तनमा मेरो दाजु पृथ वहादुर श्रीस पनि हुनुहुन्थ्यो ! लामो समयपछि बिरानो ठाउँमा भेत हुन पाउँदा असाध्ये खुशी लागेको थियो र केहि क्षण दुई भाई वीच दु:ख र चिन्ता सहँदै सुखको कुराहरु भयो । हाम्रो पल्टन सिङ्गापुर आईपुग्दा वैन्ड बजाएर धुम्धाम सँग स्वागत कार्यक्रम गरेको थियो । त्यहाँ देखि

हाम्रो पल्टन सिङ्गापुर बाट १९६४ मा हङ्गकङ्गमा वसाई सरयो । हङ्गकङ्ग कस्तो ठाउँ, अहिले आएर विश्व को व्यापार केन्द्र बन्नुको साथ साथै विश्वकै सुरक्षित क्षेत्रमा पनि परिणत हुन पुग्यो । जीन्दगीको चढाईको साथ साथै हङ्गकङ्गको समय अनुकुलताको जाडो मौसममा ट्रेनिङ्गको लागी हङ्गकङ्गको डाँडा काँडा चढनु र अग्ला अग्ला घरहरु हेर्दा हेर्दै पहिला रजा छुट्टी जाने दिन पनि भएछ । हङ्गकङ्गबाट सिङ्गापुर प्लेनमा र सिङ्गापुरबाट पानीजहाज द्वारा कलकत्ता, कलकत्तादेखि रेलमा नौतुना नौतुनाबाट गाडीमा पक्लिहवा क्याम्पमा पुगेका थियौ । पक्लिहवा क्याम्पमा ५ दिनको सरकारी कामकार्यहरु सकेपछि छुट्टी जाने सिलसिलामा पक्लिहवा वाट वुटवल सम्म गाडीमा वुटवल देखि पैदल हिडेर घर पुगे, निकै लामो समय पछि घर परिवारहरु आमा बुबा भाई वहिनी र आफ्नी प्यारी श्रीमति लाई भेट्दाको त्यो रमाइलो दिनहरु अर्कै थियो । यसै गरी दोस्रो रजा छुट्टीमा घरपुग्दा जेठो छोरा बिक्रम मेरो काखमा बस्न आई पुग्दाको खुशीका दिनहरु झन् अतिनै रमाईलोपन महसुस भएको थियो । जीन्दगीकै सफरहरुमा जीन्दगीको हूरी बतासहरु सायद सवैको लागी एउटै समानता हुन्छ होला । त्यस्तै तातो हूरी बतासको भूमरीमा परेजस्तै मेरो जीन्दगीको सफरमा पनि, दोस्रो रजा छुट्टी सकेर म पल्टनमा वापस भएको १४ महिनामा अभाग्यवस

हाम्रो पिताको निधन हुनु भएकोले म पुन: २ महिनाको अलचारी छुट्टीमा घर पुग्दाको जीन्दगीको सबभन्दा ठूलो चोत र दु:खका कहानीहरु विवरण गरी नसक्नु थियो । हामी बाट एउटा सदा सदाको लागी “बाबा” भन्ने शब्द गुमाउन पुगेका थियौं । हुन त मानवजीवनमा यो चर्खा चल्दै जाने नियम हो । सबैमा बुबा आमाको दर्जा पाउने अधिकार हुँदो रहेछ । बुबा बित्नु भएपछि छोरी बिमला जन्मेकी थिई । त्यस्तै दु:खका दिनहरु सहेर पनि, मुटुमा गाँथा बाँधेर आफै आँसुका धाराहरु रोकेर भए पनि मैले आफ्नी आमालाई एक्लै छोडी जाने विवशताको घडि पनि आयो । ती दिनहरु कस्तो प्रकारले व्यतित हुन्छ भन्ने कुराहरु दु:ख बुझेका र सहेका आफै समझदारी व्यक्तिलाई मात्रै थाहा हुन्छ ।

त्यस्तै समयको अन्तराल भित्र हाम्रो नम्वरीहरुको आफ्नो परिवारहरु पल्टनमा लैजाने अनुमति पाएकोले मैले पनि मेरि श्रीमति, छोरा बिक्रम र छोरि विमलालाई साथमा लियर पल्टन वापस भएँ । त्यो समयमा पल्टन सिङ्गापुरमा थियो । त्यहाँ देखि हाम्रो पल्तटन तत्कालै हङ्कङ्ग मा सरयो । सिङ्गापुर बाट पानिजहाज द्वारा ५ दिन ५ रातको दिन हङ्कङ्ग पुरायो । म सिग्नल क्रोसको लागी यू.के.मा खटाइएको बेलामा हङ्कङ्गमा छोरी देवी जन्मिएकी थिइन । त्यसपछि छोरा श्याम नेपालमा र

छोरी यामु हङ्गकङ्गमा जन्मिएका थिए । अब मेरो लागी भगवानले सन्तान प्राप्तीको निम्ति पूर्ण बनाई दिई सक्नु भएको हुँदा पुन: मैले छोरा छोरीहरुको भविष्य उज्जवल र उनीहरुकै सकल वाटोको लागी कल्पना गर्नु र म आर्मीबाट रिटायर भएपछि के गर्ने कहाँ बस्ने, कसो गर्ने भन्ने गंभीर सोचाईले मलाई सताउनु स्वाभाविकै हो । किनकी प्रमुख विशेषता र अहिलेको स्थितिमा आफ्ना नानीहरुलाई सक्दो प्रयास आमा बुबाले राम्रो दिशा देखाई दिनु र राम्रै स्कूलमा पढाई कुशल शिक्षा हासिल गराउनु प्रमुख उद्देष्य र आमा बुबाको विशेष कर्तव्य पनि हो । त्यसै सिलसिलामा म पनि एउटा मुटुमा हात राखेर भए पनि विवशतावश आफ्नो जन्म स्थानलाई छोडी काठमान्डौमा बसाई सरेको हुँ । गाउँघरबाट काठमान्डौ जानकोलागी वसाई-सराईको कागज लिए पनि आफू जन्मेको जन्म स्थान, [आफ्नो जन्मभूमी] ती गाउँघरका रमाईलोपन, जुन केटा केटी हुँदा साथी भाईहरु सँग खेलेको स्मरणहरु अझै पनि आँखामा वरी परि झल्झली आई नै रहन्छ । ती अतितका स्मरणहरुलाई साथै गाउँका देवि देवता कुल-कुलान हरुलाई म जहाँ गए पनि कहिले पनि नभुली मेरो आत्मामा सदा-सर्वदा रहि रहने छ । व्रिटीस आर्मीबाट रिटाएर हुनु अगावै काठमाडौमा घर बनाइसकेकोले काठमाडौं आएर बस्यौं । काठमाडौंको बसाईको क्रममा आमाले पनि हामीलाई छोडेर यो

संसारबाट विदा लिनु भयो । सैनिक जीवनमा मलेशिया, बोरनेव, ब्रुनाइ, हङ्ग कङ्ग, **यू:के**, र अष्ट्रेलियामा काम गर्न पुगें । ब्रिटीस आर्मीमा २५ बर्षसम्म नोकरी गरे पछि क्याप्टेन दर्जामा ३१ मार्च १९८७ मा रिटायर भएँ । यसै गरी पुन: हाम्रो नोकरी गर्नको लागी अर्थात ब्रिटिस आर्मीको पेन्शन्ले जीवन त्यति राम्रो गुजरा नचल्ने स्थितिमा पुगे पछि जी. आर. यू. मा सेकेन्ड कैरियरको लागी पत्र लेखेको थिएँ । फेरी पनि जी. आर. यू. मा क्याप्टेनको दर्जामा १० वर्षको कन्ट्राक्ट पूरा गरी १० अक्टोवर १९९७ मा रीटायर भएको थिएँ । मानवपनको जीन्दगीका सफरहरु त्यसै त्यसै समाप्त नहुँदो रहेछ र नपुग्दो पनि रहेछ मानवहरु जति सफरहरुमा अग्रसर हुँदै जान्छ, त्यतिनै मानवपनको लागी आवश्यकताहरु बढदै जाँदो रहेछ पनि । “जुन छोराले जेगरे पनि मै बुढोको टाउको दु:ख्ने भन्ने गीत सुनेको थिएँ, त्यस्तै जीन्दगीमा हुँदो पनि रहेछ” । जबकी २५ बर्ष ब्रिटिस आर्मीमा, र १० वर्ष जी. आर. यू. मा नोकरी गरेता पनि बाँकी जीन्दगी नेपालको घरमा आरम सङ्ग बसेर आराम गरी वस्ने सम्भावना देखिएन र पुन: अर्को थर्ड कैरिएरको सोध तलास कै सोचाईमा सबै परिवारहरुको सर-सल्लाहा अनुरुप हङ्गकङ्गमा जन्म भएका नानीहरुले हङ्गकङ्गका आई. डी. प्राप्त भएको र आफ्ना बुबा आमा लाई पनि हङ्गकङ्गकै आई. डी. को लागी स्पोन्सर गर्न

मिल्ने भएकोले र जेठो छोरा बुहारीको साथै छोरी देवी पनि हङ्कङ्गमा भएकोले हामी पनि जी. आर. यू. बाट सिधै हङ्कङ्ग गयौं । छोरी देविको तर्फ बाट हामी बुबा आमा लाई पनि हङ्कङ्गको आई. डी. प्राप्त भयो । ब्रिटिस आर्मीमा हुँदा यहाँको हावापानी र रहन-सहनहरु सबै वुभ्केको हुँदा यहाँ बस्नको लागी कुनै समस्या भएन । मेरी श्रीमतिले देवि छोरीको छोरी आकांन्चा नातिनी लाई रेख देख गर्न पर्ने भएकोले लामो समय सम्म नेपाल जान मौका मिलेको थिएन । नातिनी पनि अलि ठुली र छम्छम् हिडने-दुल्ने भएपछि घर परिवारको अरुले पनि आफ्नो कामको व्यवस्था मिलाएर हेर्न सक्ने भएकोले मेरी श्रीमति ४ जनवरि १९९९ मा नेपाल घर गएकी थिईन । अभाग्यवश ८ जनवरि १९९९ मा काठमाडौं भएको बेलामा मेरी श्रीमती बिरामी भएर डाक्टरलाई जचाउँदा डाक्टरले राम्रो सङ्ग जाँच नगरी यो उमेरमा यस्तै हुन्छ भनेर घर वापस गरी दिएछ । यसैगरी त्यो रोग अर्को दिन पनि २० को १९ नभए पछि छोरी विमलाले आफ्नो चिनेको लेडिज डाक्टरलाई देखाउँदा पाठेघरको क्यान्सर भइसकेको रहेछ । यस्तो खबरले हामी सबैलाई के गर्ने कसो गर्ने सोच्नै सकेनौं संसारनै अँध्यारो भएजस्तो लाग्यो तैपनि धैर्यताका साथ लेडी डक्टरसित राम्रो सल्लाह सुभ्काव लियौ । काठमाडौंमा भन्दा बढी सुविधा हङ्कङ्गमा भएकोले मैले तुरुन्तै

हङ्कङ्ग बोलाए र चेकआप उपचारको लागी देवि छोरीले प्राईभेट लेडी डाक्टरलाई देखायो र प्राईभेट लेडी डाक्टरले अब क्यान्सरको रोग शुरुभैसक्यो उपचार गर्न प्राईभेटमा धेरै पैसा लाग्ने भएकोले राम्रो डाक्टर र राम्रो हङ्कङ्गको पब्लिक अस्पताल क्वीनमंरीमा रेफरल गरिदियो । क्वीनमंरी अस्पतालमा राम्रै उपचार भएर डाक्टरले राम्रो भयो अब डाक्टरले दिएको एप्पोइन्मेन्टको बेलामा आउने सल्लाह दियो । यहि मौकामा मेरी श्रीमतीले जसरी भए पनि गाउँमा गएर पूजाआजा र दान दक्षिणा गर्ने निणर्य सुनाइन । उनीलाई राम्रो भएकोले हामी काठमान्डौको घर मात्र नभएर गाउँको घरमा पनि गयौं र बुबाहरुले सातदिने सप्ताह लगाउनु भएको जग्गामा हामीले पनि सातदिने सप्ताह लगाउनेहो भन्ने हामी श्रीमान श्रीमतिको सल्लाह म ब्रिटिस आर्मीमा हुँदानै भएकोले उनले सप्ताह लगाउनु आएका श्री पण्डित्हरुलाई एक एक चोखो उनको च्यादर ओढाईदिने भनेर आफ्नो हातले ११ वटा च्यादर तयार पारी लगेका थियौं । हामी गाउँको घरमा पुग्ने साथ हामीले इस्त्र मित्रहरु र श्री पण्डित्लाई बोलाई हामी सप्ताह लगाउनु आएको मनको वक्तव्या दिएपछि सबैले साथदिनेभए तर बिभिन्न कारणले सात दिनको सप्ताह को बदला एकदिने सप्ताह लगाएपनि राम्रो हुनेभएकोले एकदिनमा पूरा कार्य गरी सप्ताह सम्पन्न भयो ।

हामी सप्ताह लगाउनु हामी श्रीमान श्रीमति साठै माहिली बहिनी नातीहरु सन्दिप सन्देश र नातिनी आकांन्चा गएको थियौं । गाउँघरमा इस्त्र मित्रहरु भेटी सप्ताहा सम्पन्न भएपछि काठमान्डौ घर वापस आयौं र केही दिन पछि हङ्कङ्ग वापस भयौं । यसै गरी हङ्कङ्गको दिन-चार्य बढदै थियो । २५ अक्टोवर २००१ आईतवारको बिहान ११ बजे अचनाकमा देव्रे खुट्टामा टच्यूमरको बिमारले रगत खेल्ने नशाहरु बन्द गराईदियो र देव्रे खुट्टा निलो हुँदै सुनिनु सुरुभएकोले एम्बुलेन्स बोलाउनको सट्टा टेक्सीमा क्वीनमंरी अस्पतालको आपत्कालीन कक्षामा भर्ना गरियो र आपतकालीन कक्षाको डाक्टरले अरु दवाईपानी गर्नकोलागी अस्पतालमा बस्नुपर्ने सल्लाह दियो । एक हप्ता सम्म क्वीनमंरी अस्पतालमा दवाईपानी गरेपछि त्यो विमारलाई सँचो बनाउन लामो समय लाग्ने भएकोले नाम लोङ्ग अस्पतालमा सारिदियो । नाम लोङ्ग अस्पतालमा दवाईपानी गर्दा केहि बिशेष भएपनि सुन्निएको खुट्टालाई ओतिन बनाउन दवाई अलिधेरै थप गर्दा कलेजोलाई असर पार्ने दवाई अलिकम बनाउँदा खुट्टा नओतिने यसै करममा दवाई धेर थोर बनाउँदा बनाउदै कलेजोलाई धेरै असर परेको कारण र कलेजोले प्रगति नगरेकोले डाक्टरले मलाई गोप्य तरिकाले भन्योकि तिम्रो श्रीमतिको शरीरलाई दवाईपानीले कट्टि पनि काम गर्न नसकेको कारण अब धेरै नबाँच्ने र जतिसक्दो सबैले उनिलाई खुसी

राखे उनी अलि केही समय सम्म बाँच्ने आशा दियो । मर्न त एकदिन ढिलो चाँडो सबैनै मर्नुपर्दछ तर यति चाँडो आफ्नो दु:ख सुख बिताएको जीवनसाथीले साथ छोडदैछ भन्ने कल्पना गर्दा मात्रै पनि मुटुमा ढुङ्गाले थिचेजस्तै लाग्यो । मन ठुलो बनाएर यही कुरा सबै परिवारलाई भन्नै पर्ने बाध्यताले सबैलाई राम्रो तरीकाले सम्झाई बुझाई गरेको थिए । उनीलाई यहाँको दवाईपानीले राम्रो भएन अब इंडियाको अस्पतालमा उपचार गराई उनीलाई जाति हुने आश्वासन दिन्थे । डाक्टरले अर्को वीकएण्डमा घरमा आराम गर्न जान सक्छ भन्दा भन्दै बर्षौ बित्यो तर धेरै कारणवश डाक्टरले घरमा आराम गर्न जान स्वीकृति दिन सकेन । म उनिलाई सुसारको लागी बिहान बेलुकी र रातभरी अस्पतालमा हुन्थे र म एक्सा इन्स्योरेन्स कम्पनीमा काम गर्ने भएकोले कम्पनीमा कामकोलागी ९ बजे दफ्तर पुग्नु पर्ने नियम थियो मैले मेरो मेनजर र कम्पनीमा मेरो र मेरी श्रीमतीको समस्या बताएपछि बिहान ९ बजे दफ्तर जाने माफी र दिनमा आफ्नो समयमा गएर काम गर्ने अनुमति पाएँ जस्कोलागी एक्सा इन्स्योरेन्स कम्पनी धन्यको पात्र छन् । एकदिन बिहान शुक्रवार को दिन थियो र डाक्टरहरु बिहानको घुमाईमा आएको बेला यो विकएण्डमा घर जान सकिन्छकि भनि मलाई सोध्न लगाएकोले मैले डाक्टरलाई सोध्धा डाक्टरले त्यो हप्ता पनि उन्को

हालतले गर्दा घरमा जान नमिल्ने बताए । बर्षोसम्म पनि डाक्टरले अनुमति नदिएकोले हो वा केही अदृश्य संकेत पाएर हो अचानक बिस्तराबाट उठेर आफ्नो सामान बन्द गरी लौ मेरो श्रीमानजी मलाई घरमा लैजाउ घरबाट नेपालको घरमा पुराईदेउ म मरे पनि मेरै घरमा मर्छु जाती भएपनि मेरै घरमा जाती हुन्छु मलाई कसैले केहीकरकाप नलगाउन अनुरोध गरेपछि मैले त्यही कुरा डाक्टरलाई भनेपछि डाक्टरहरु सिनिअर नर्सहरु र म बसेर चार घण्टा सम्म कुरा गर्दा पनि उन्को स्वास्थ्यको कारण छोडन नमिल्ने डाक्टरले भने पछि एकजना नर्सले भन्योकि अहिलेसम्म हामीले दवाईपानी गऱ्यौं अभाग्यावस कुनै प्रगति हुनसकेन र पनि उनी बाँचिरहेकीछीन् यसमा आफ्नी श्रीमान छोरा छोरीहरुको धेरै मायाँ र खुशी पाईरहेको हामीले देखेका छौं र हामीले उनीलाई उनको खुशी गर्न दिन राम्रो हुन्छ भने पछि सबै सहमति भएतापनि डाक्टरले डिसचार्ज सर्टिफिकेटमा दस्तकत नगर्ने भयो कारण त्यो अवस्थामा हङ्कङ्को अस्पताल छोडेर हवाईजहाज द्वारा नेपाल जाँदै छन यस्तो अवस्थामा कुनै मेडिकल्को कारणवश जानै पर्ने अवस्था भए अस्पतालले एक डाक्टर र एक नर्स को रेखदेखमा नेपाल पुराउन पर्ने अस्पतालको नियम भएको हुनाले डाक्टरले दस्तकत गर्न नमानेको कारण थियो । यसमा सबै जिम्मेवारी मैले लिएपछि बल्ल हामीलाई

घर जाने अनुमति भयो । घरमा आएको भोलीपल्त हामी श्रीमान श्रीमती र छोरी यामुकोलागी ३ सीत विजनेस् क्लासमा मिलाएर नेपालको हवाई जहाजमा नेपाल घर पुग्यौ । काठमान्डौ घर पुगे पछि अलि स्वस्थ र खुशी पनि थिइन । सास रहुन्जेल आश हुन्छ भने झै हामी परिवारले कहिले बैद्य कहिले डाक्टर देखाउदै थियौ । बि. एन्ड. बि. मा क्यान्सरको विशिष्ट डाक्टरसंग पनि सल्लाह लिदै थियौ, यहाँको डाक्टरले पनि तपाँईहरुले अहिलेसम्म जति गर्नुभयो, त्यो नै ठूलो कुरा हो । जहाँ लगे पनि यो भन्दा बढी हुन सक्दैन किनकि बिमारीको शरीरले उपचारको रिएक्शन नै लिन सकेन भने जति नै पैसा खर्च गरे पनि यो रोग निको हुने सम्भव हुँदैन र इंडियातिर लाने बिचार पनि नलिनुहोस । समय नजिक आइसकेको छ, बरु अहिलेसम्म तपाईहरुको मायाले बाचइराख्नु भएको छ, त्यो अझै बढोस भनेर सल्लाह दिनुभयो । बरु हजुरहरु एकदमै चलाख बस्नुहोला । यो रोगको कुनै आइतवार हुँदैन जहिले कुनै समयमा केही पनि हुन सक्छ, यो त्यस्तो रोग हो भनेर डाक्टरले भनेको थियो । नभन्दै त्यसैको १०/१२ दिन पछि २७ जनवरी २००२ मा आईतवार ९ बजेर ४५ मिनेट जादाँ "मलाई सदा-सदाको लागी एक्लै पारी, छोरा छोरीहरुलाई टुहुरा टुहुरी बनाई अर्कै रुपले आफ्नै बाटो समातिन् ।" उनी सदा-सदाको लागी अलविदा

लिएर गईन् तर वाध्य वनाईन की मुटुमा हात राखेर भए पनि उनकी आँखाको हेराई लाई बन्द गरि दिनु मेरो एउटा विवशता रहयो । उनी गईन........... भगवानको बाटोमा तर मलाई एक्लै बनाई कहिल्यै नफर्किने गरी..........., मेरो साँस बन्द हुन पुग्यो केहि समय पछि लामो साँस फेरे उस्स........... के गर्नु यता सोच्यो उता सोच्यो जानेलाई कसैले पनि रोक्न नसकिदो रहेछ..........., केहि उपाय नलागे पछि यो सोच्ने विवश बनायो की "एक दिन सबै मानव ले यो सन्सार छोडेर आफू पनि त्यही भगवानकै इच्छाको बाटोमा जानु पर्दछ भनी आफ्नो दर्दनाक असहय हृदयलाई बलियो बनाई आफू बसेको जग्गा र आफ्नै काम कार्यहरु सम्हाल्नको लागी हङ्कङ्ग तिर लाग्दा झनठूलो मन खिन्न भयो त्यो घटना स्थललाई छोडेर जान मन भएन उनकै अतितका घटनाहरु मात्रै आँखाको वरी परि नाचीनै रहयो कतै उनी फेरी..........., घरमा माहिली बहिनी र कान्छा छोरा भए पनि घर हेर्दा घर खाली नै भएको भान हुन्छ, दायाँ वायाँ हेर्दा आफू मात्रै एकलै भएको अनुभव भैरहयो, आँखाको नयनहरु सवै आँसुले भरिएकोले पाईला अगाडी चाल्न पनि सकेन" फेरी त्यहि अतितका यादले सताइरहन विवश बनायो कुनै दिन यी शब्दहरु मेरो छुट्टी खतम भए पछि हाजिर हुन जाँदा हामी बीच छुट्टीदाको घडीमा मेरो आँखामा आँसु देख्दा

भन्थिईनकी तर आज त्यसको ठीक विपरीत भयो, त्यो शब्द भन्ने आज सदाको लागी अलविदा लिएर गईन" ।

गह भरी आँसु किनपो खसाल्छौ
  बिदेश जाने बेलैमा !
कुनै दिन अवश्य सँगै पो जाँउला
  एकै साथ रेलै मा !!
त्यो दिन अवश्य आउने छ छिट्टै भाग्यले बोलाउला !!!
हामी दुई कहिल्यै छुट्टिने छैनौं बालबच्चा खेलाउँला !!!!

त्यही उभिएर भावुकपनमा आँखाको आँसुलाई लुकाउन नपाउँदै मेरी माहिली बहिनीले भावुक श्वरले दाई तपाई जस्तो यस्तो पाको मान्छेले त्यस्तो हिक्मत हार्नु हुन्छ भने हामीले के गर्ने, हामीहरु कसरी बाँच्ने हामीहरुलाई हेरेर चित्त बुझाउँ जाने त आफ्नो वाटो लागी सके भने पछि यो दु:खसरी मनलाई बलियो बनाई नेपालको एअरपोर्टतिर लागेको थिएँ । उनको सम्झनाले धेरै सताउन लाग्यो त्यो सम्झनामा कति दिन विताउनु, सम्झना त एउता आखिर सम्झना मात्रै रहेछ । त्यस पछि हङ्कङ्मा एकलो जीवन बिताउन साह्रै नै गाह्रो भयो र घर परिवारहरु सङ्ग सर-सल्लाह गर्दा सबैले आ-आफ्नै राय र वक्तव्य सुनाए पनि, खासै रोकावट आएन र पछि एउटा जीवनलाई फेरी जीवन साथीको आवश्यकता हुने भएकोले शीला लाई बुढेशकालको जीवन साथी बनाउन पुगेको छु । त्यस यता मेरो सारा सुखदु:खकी सहयात्री भएकी छन् शीला । जीवन

साथी बनाउनु कुनै रहर इच्छा र कर पनि थिएन । तर एउता बाध्यताले बनाउन पुगे को छु । कसैले पनि कुनै अन्यथा नकल्पनु ! मानिसको सबैमा आफ्नै आफ्नै किसिमको बाध्यतापन हुन्छ । अन्तमा मेरो परिवार प्रति सदा-सर्वदा माया ममता........!, र हरिमयाँको आत्माले शान्ति पावस् यही नै मेरो अन्तिम इच्छा हो वस….., । हाल म हङ्कङ्मा भए पनि, हामी पुरानो वानेश्वर भिमसेनगोला महानगर, वार्ड नं ३४ वानेश्वरमा सबै परिवारहरु बसोबास गर्दै आएका छौं ।

**समाप्त**

म जनक बहादुर श्रीस मेरो जन्म बि० स० २००७ अषाढ महिनामा बाबा दिलबहादुर र आमा टिकासरी श्रीसको कोखबाट बाग्लुङ्ग बराहकोटमा भएका हो । हाम्रा मावली जिजु र बाजेले ठूलो सप्ताह (पूजा) मा हाम्रो आमालाई बाबा**सँग** कन्यादान दिनु भएछ । तर दु:खद घटना यो हुन गयोकि, वाहाँ हरुले अर्को सप्ताह लगाउदा बि० स० २०१२ सालमा आमाका अल्पायूमै स्वर्गवास भयो । त्यस बेला दिदी दिलकुमारी ९ बर्ष, म ६ बर्ष र बहिनी पवित्रा ३ बर्षको थियौ । अब नातिनतिनाहरुले दु:ख पाउछन भनेर हाम्रो मावली बाजे **गँगप्रसाद** र बजै अना काउचा मगरले आफ्नी काईली छोरी अम्बा काउचा लाई बाबा**सँग** विवाह गरि दिनु भयो । हाम्रो आमा जेठी थिइन । छामा बाट बहिनी प्रेमकुमारी जन्मियो । हाम्रो बाबा र मामा श्री दिलबहादुर काउचा मगर लाहुरमा भएको **हुदाँ,** धेरै बर्ष सङ्गोल (एउटै परिवार) मा मावली बाजे बजैकै पालन पोषणमा हामी हुर्कियौ । १२ बर्षसम्म गाईगोठमा बसियो । त्यस पछि छामा, म र कान्छी बहिनी बाबाको साथ सिङ्गापुर जाने मौका पायौ । सिङ्गापुरको निसुन भन्ने ठाउमा भाईहरु पृथलाल र पदमजङ्ग जन्मीए । त्यही मैले कक्षा ५ सम्म पढने मौका पाँए । सिङ्गापुरमा हामी ३ बर्ष बस्यौ । बि० स० २०२३ सालमा पक्लीहावामा भर्ती भए । दोस्रो छुत्तमिा घर आउदा

बि० स० २०३० सालमा बाग्लुङ्ग लेखानी गा० बि० स० का श्री काशीराम र खगी छन्तेलको कान्छी छोरी हरी माया **सँग** विवाह भयो । छोरी योगमाया र छोरा लोकेन्द्र हङ्गकङ्गको ताम्मीई केम्पमा जन्मीए, छोरा ललित बराहकोटमा जन्मीयो । २१ बर्ष सैनिक जिवनमा मलेशिया, ब्रुनाइ, हङ्गकङ्ग, **यूके**, बेलिज र अष्ट्रेलियामा काम गरे । बि० स० २०४३ सालमा पेन्सन निस्कीय पछि लामो समय बुटवलमा बसे । यही अवधीमा ३ बर्ष एरिया वेल्फेर सेन्टर बुटवलमा काम गरे । त्यस पछि ७ बर्ष हङ्गकङ्गमा बसियो । हाल ललितपुर उप महा नगर, वार्ड नं १४ नखिपोतमा सव परिवार बस्दै आएको छौं ।

## धर्म प्रसाद श्रीसको चिनारी

जन्म २००९ वैशाख ३ गते प्रमाणपत्रमा (वास्तविक) जन्म २००८ साल साउन महीना । शैक्षिक योग्यता वी. ए., पत्रकारितामा डिप्लोमा र न्यूज एजेन्सी सम्बन्धी तालीमहरु प्राप्त ।

अनुभव - केही वर्षसम्म पुरुषोदय निम्न माध्यिमिक बिद्यालयमा शिक्षक र प्रधानाध्यापक । राष्ट्रिय समाचार समितिमा सम्पादक तहसम्म कार्यरत रही स्वेच्छिक रुपमा राजीनामा । हाल व्यापार व्यवसायमा संलग्न ।

भ्रमण - नेपालमा झण्डै सवै जिल्लाहरुमा ।

विदेशमा - भारत, पाकिस्तान, तत्कालीन, युगोस्लाभिया, इटाली, फ्रान्स, जर्मनी, अष्ट्रिया, हंगेरी, चीन, तिब्बत र हङकङ ।

कृतिहरु - मगर सम्बन्धी पुस्तक । अनगिन्ती विभिन्न लेख र स्तम्भहा, प्रकाशन । हाल वसोवास - नेपालगंज नगरपालिका वडा नं. १३, भृकुटीनगर वाँके ।

**म आफ्नो गोरेटोमा हिडदा हिडदै ------,**

म बाजे लाल बहादुर श्रीसको नाती र काजीमान श्रीसको हामी पाँच भाउना मध्ये जेठो छोरा होम बहादुर श्रीस हुँ । मेरो जन्म - गुल्मी भार्से उपल्लो दबुङ्ग वार्ड नं ८ ठुलाखर्कमा भएको हो । मैले यस हाम्रो सामी श्रीस पुर्खोलीको अनुसन्धान र खोज गर्ने क्रममा आ आफ्नो क्षमता र बुद्धि विवेकले भेटे सम्म सक्दो राम्रो प्रयास गर्दै लेखन क्रियामा केही मद्दत गरी हाम्रो कोशिश को धेरै लामो समयको पश्चात हाम्रो पुर्खोलीको एउटा किताबमा परिणत हुन पुगेको छ । यस भित्र सायद कहियौं शब्दहरु अपशब्द भए होला कहियौं वाक्यहरु परिपूर्ण नभएहोला । तसर्थ पढाईको क्रममा त्रुटीहरु भएमा आफनै गल्ति सम्झि मात्रै एउटा हाम्रो पुर्खेउलीको किताब बनेको खुशीयालीमा क्षमा दिनु हुनेछ भन्ने हामी अनुसन्धानकर्ता, लेखक, खोजकर्ता र विशेष सहयोगी भाईहरु आभारी रहने छौं । यस हाम्रा पुर्खोलीको किताब परिपूर्ण हुने पक्रियामा विशेष योगदान र श्रेय पहिला गुल्मी बराहकोटमा जन्मनु भएका श्री Capt जँग बहादुर श्रीस लाई जान्छ । किनकी उहाँले यस अनुसन्धान गर्ने क्रममा दिन र रात नभनी, आफ्नो वहूमूल्य समयलाई कुनै वास्ता नगरी यस हाम्रो पुर्खोलीको अनुसन्धान गर्ने क्रम र कम्प्युटर प्रिन्त को लागी धेरै भन्दा धेरै मेहनत र

प्रयास गर्नु भएको छन् । यो भनेको हामी सबैको लागी गौरवको कुराहो । साथै यसै दौडानमा श्री Capt धन बहादुर श्रीस, नेत्र बहादुर श्रीस र उपल्लो दबुङ्ग सिरनी वार्ड नं ८ मा बस्ने श्री हरि बहादुर श्रीसहरुको विशेष सहयोगहरुले अझै झन सुनमा सुघन्ध थपेझै हुनु स्वाभाविकै हो । हुनत हामी सबैको मदत गर्नु एउटा कर्तव्य मात्र नभएर अनुसन्धान गरी यसलाई अन्तिम चरणमा पुराउनु हाम्रो अधिकार पनि हो । हाम्रो पुर्खोली खोज्नु र भेटनु एकदमै गाह्रो कुरा हो भने त्यसलाई पाउनु झन त्यत्तिकै मुश्किलको कुरा हुँदो रहेछ ।

संसारका सबै जीवित प्राणीहरु आफ्नै आफ्नै तरिकाले जीबिका चलाए जस्तै म पनि त्यही प्राणी मध्येको एक हुँ । त्यति मात्र भिन्नता हो की, दु:ख र सुखमा जीविका चलि रहनु _____,

म पनि आफ्नो जिन्दगीको सफरहरुमा कहिले देउराली त कहिले भञ्ज्याङ्ग कहिले उकाली त कहिले ओराली, कहिले दु:ख त कहिले सुख गर्दै आफना दैनिकी जीवनहरु व्यतित गर्न पुगेको मलाई पनि पानी परे पछिको निलो आकाश झैं छर्लङ्गै थाहा छ । बिहानीको घामको उज्यालो किरण सँगै म पनि आफ्नो जिन्दगीको सफरहरुमा पाईला चाल्न अग्रसर हुनु त्यति रहर त थिएन होला । सायद नबुझेर होला भविष्यकालका भविष्यत घटनाहरु

औसींको रात भै अन्धकार भएर रहन्छ भन्ने !
चारैतिर
नजर घुम्छ, सबै त्यस्तै त्यस्तै आफ्ना आफ्ना दु:ख-सुखका गोरेटोहरुमा दौडीरहेको पाउँछु । समय पनि आउँछ, समयले पर्खिदैन, बेफुर्सत दौडि रहन विवश भै रहेकै हुन्छ ।

एकदिन फेरी विहानीको उज्यालो किरण सँगै घाम झुल्के छ । म पनि पानी पधेंरा र घाँस दाउरा गर्दा गर्दै S. L. C. दिने बेला भएछ । S. L. C. दिनलाई अन्तिम बर्ष हाम्रो भार्से हाई स्कूलको परिक्षा केन्द्र रिडिमा परेको थियो । परिक्षा शुरु भयो, सिद्धियो । परिणाम पनि सन्तोषजनकमा परिणत भयो । S. L. C. मा उतिर्ण भए पछि वुटवल त्रिभुवन विश्वविद्यालयमा अध्ययन गर्न पुगें । केही बर्ष अध्ययनको लागी वुटवलमा बस्नु पऱ्यो । आफ्ना घरायसी समस्याले गर्दा अन्तिम चरणमा पुग्न सकिन । त्यो अध्ययन अन्तिम नहुँदै बीच मार्गमा नै रोकिन पुग्यो ।

म फेरी अर्को पाईला चाल्न विवश हुन पऱ्यो । सबै गाउँको दाजु-भाईहरुले विदेशबाट भरियाको साथमा चाँदीको बाकस तल्काउँदै तकालो भित्र पसेको सबैको माता-पितालाई रहर लाग्नु स्वाभाविकै नै हो । त्यसै कल्पिनिकलाई वास्तविकतामा परिणत बनाउन म पनि वि. सं. २०४५ सालको शुरुवातमानै गोर्खा भर्ति केन्द्र गोरखपुर तिर हिंडे ।

हामी गाउँका साथी भाईहरु थियौं - सँगै रमाइलो गर्दै-----, त्यो रातको यादलाई अझै ताजापन बनाउँदै र भविष्यको सपना साकारको लागी सुनौली देखी गोरखपुरको लागी बसमा चढयौं । भर्ति केन्द्र आयो । सबैको एउटै सपना थियो । तर अन्तिममा आफ्नो आफ्नो किस्मतको खेल रहेछ, सबैको एउटै सपना साकार नहुदो रहेछ । म भर्ति भएँ । मेरो Training Centre Shillong मा पऱ्यो । त्यो बेला Shillong मा निकै जाडो रहेछ । पानी पनि त्यत्तिकै परि रहने, सायद विश्वकै सबभन्दा बढी पानी पर्ने ठाउँ चेरापुञ्जी भएर होला । Shillong देखि चेरापुञ्जी Taxi मा जाँदा ३ घन्टामा पुगिदो रहेछ । ४४ हप्ताको Recruit Training पनि सिद्धियो । गाउँले जीवन र फौजी जीवनमा धर्ति - आकाशको भिन्नता पाएँ । प्रमुखतह! आफ्नो समय र अनुशासनमा रहन सिकाउँदो रहेछ । म 6/8 GR मा परे । त्यति बेला 6/8 GR र 7/8 GR श्रीलंकाको लडाईको मैदानमा भएको हुनाले त्यति बेलाको Trainer सिपाहीहरु सबै 6/8 GR र 7/8 GR मा गयौं । म पनि श्रीलंकाको लडाईमा जान पऱ्यो । लडाईको अनुभवहरु ज्ञानभयो कति साथीहरुले विदेशमानै ज्यान गुमाउन पऱ्यो । अन्तमा आफ्नो जन्मदा घडीको लेखन्ता सिवाय अरु विकल्प केहि नहुँदो रहेछ । समय गएको केहि थाहा नै भएन । म झसङ्ग भएँ Pay NCO ले मेरो पहिला रजा बार्षिक अवकाश निकालेछ । खुशीले गद गद

हुँदै छुट्टी जाने योजना भयो । श्रीलंका देखि पानीजहाजमा र मद्रास देखि रेलमा हुँदै गोरखपुरमा आई पुगियो । गोरखपुर देखि बसमा हुँदै सिधै घरमा पुगियो त्यो दिनको खुशीको पलहरु अझै पनि ताजै झैं लाग्छ । पहिला रजा खुशी खुशीले बित्यो दोस्रो रजाको पनि छुट्टीको Due भए पछि पुन: बार्षिक बिदा लिएर घरमा आई पुगें । अब चाहि जिन्दगीमा चाहिनु पर्ने जीवन साथीको आवश्यकता भएको हुनाले त्यत्तिकै बस्न सकिन । त्यसै दौडानमा असार महिनाको सिमसिमे पानी परि रहेता पनि म र दुई जना साथी कृष्ण र तारा प्रसाद भएर रुपाकोट हुँदै रेमी तिर लाग्यौं । केहि दिन भने पक्कै लाग्यो आफूले चाहेको जीवन साथी भने पक्कै भेटाएँ, छोड्दै छोडेन_ _ _ _ _, गाउँघरको प्रथा र चलन चल्तिमा चल्नु नै पर्‍यो केटा पक्षले केटीको घरमा गएर माग्ने, कुरा चलाउने दुई पक्षबाट मन्जुरी आउनु पर्‍यो, हेराई चराई गर्नु पर्‍यो नै ! सबै कार्यहरु समाप्त भए पछि अन्तिममा केटीको आमाले एक पल्ट छोरीलाई सोध्नु पर्छ भन्नु भयो, भावी नयाँ दुलहीलाई सोधियो नाम “कुमारी” रहेछ उनीबाट कुनै इन्कार, प्रतिकार नआए पछि बुझ्ने ले कुरा बुझ्नै पर्‍यो । त्यति बेला कुन्नी किनहो, झ्यालबाट सिरीरी सिटलो हावा चाही चलेको थियो । हाम्रो विवाह सम्पन्न भयो । वैवाहिक जीवन सुचारु रुपले चल्दै गयो । तर ६/७ बर्ष हामी बीच

बच्चा हुन सकेन । त्यही त हो गाउँघरको कु-प्रथाहरु जे जस्तो भए पनि सबै समस्याहरु बुहारी माथीनै थुपारिन्छ । अझै पनि यी प्रथाहरु गाउँघरमा चल्दै आएको छ । कसैले सायद बच्चा नभए पछि थारा पनि भने होलान नै, भन्ने लाई कसैले छेक्दैना पनि । भन्नु ठीक हो, तर भनेर कसैलाई असर पर्छ र भविष्यका कुराहरु थाहा नभए पछि भन्नु पनि राम्रो होइन । त्यस्तै त्यस्तै समयहरु बितिरहेकै थियो - हामी दुई बीचमा खुशी र सुखी भएकै थियो, यसै अन्तरालमा हाम्रो पल्टन पनि जम्मू कश्मिरमा थियो, यता Hong Kong मा आउने - जाने क्रम चलिरहेको हुनाले मैले पनि दुलही लाई यदि जान मिल्छ भने Hong Kong मा जान पर्छकी भन्ने कुराहरु चल्दा चल्दै उनी "कुमारी" पनि Hong Kong मा आउन पाउने भएकोले उनी पनि Hong Kong मा आई पुगीन् । उनी Hong Kong आएको झण्डै एक बर्ष नहुँदै म पनि Hong Kong मा आएँ । म ३ महिनाको बार्षिक अवकाशमा आएको थिएँ । र एक महिना नहुँदै Hong Kong बस्नको लागी Visa पाएँ, तत्कालै काम पनि शुरु गरें त्यसबेलाको अर्थात यहाँको कमाई अनुसारको डलरले गर्दा कमाई चाही निकै हुने जस्तो भविष्यवाणी भएको हुनाले मैले पनि Indian Army त्याग्न बाध्य भएँ, त्यतिबेला सपनामा निकै देखि रहन्थे, कहिलेकाही मन खान्थ्यो । अरु साथी हरुलाई हेरेर चित्त बुझाउन विवश भएँ ।

खुशीको कुरा ! यहाँ आए पछि हाम्रो जेठी छोरी विशालको 1997-07-22 मा जन्म भयो भने फेरी अर्को कान्छी छोरी विश्वको 2006-09-07 मा जन्म हुन पुग्यो । यीनी दुई बहिनी बीच निकै फरकमा जन्म भएको छ । किनकी हामी एउटै सन्तानमा खुशी रहने वाचा बाँधि रहेका थियौं, तर भगवानले हामी लाई सन्तान नपुगेको अनुभव भए पछि अर्थात हामी हरु बीच एउटा सन्तानमा भन्दा दुई सन्तान बढी खुशी देखिने भएको हुनाले सायद भगवानले पुन! अर्को बच्चा प्राप्तीको खुशीको लागी रचना गरि दिएको हुनु पर्छ । अन्तमा - श्रीमति कुमारी लाई भगवानले सदा-सर्वदा रक्षा गरुन उनको विमारले मलाई सधै मुटु खाईरहन्छ । मेरी दुई छोरी प्रति सदा-सर्वदा माया ममता-----, हाल बुटवल लक्षमी नगर - ६ ।

## हाम्रो पुर्खाका बीरहरु

विश्व भरिनै जानकारी भएको एक मात्रै नेपालकै इमान्दारी, साहसी र बहादुरीको नामले चिर-परिचितहरु मध्ये हाम्रा सामी श्रीस परिवारहरु भित्र पनि यस्ता बहादुरहरुको जन्म हुन पुगेको रहेछ । जुन बराहकोट माझतोला वार्ड नँ ९ मा बसोवास गर्ने श्री केहरसीङ्ग र भार्से उपल्लो दवुङ्ग सिरनी वार्ड नँ ९ मा बसोवास गर्ने श्री ना. रण बहादुर श्रीसहरु इण्डिया आर्मीमा भर्ति भएर आफ्ना कार्यकाल भित्र आर्मीमा गर्नु पर्ने आफ्ना इमान्दारिता र कर्तव्य निभाएर ठूलाको हुकुम र आदेशहरु लाई पालना गरी साहसी र आफ्नो जिन्दगीलाइ दाउमा राखी सकुशलै आफ्ना कार्यकाल पूरा गरेकोले सरकार खुशी भएर उहाँ दुबै लाई तीन पुस्ते बहादुरी पेन्सनको व्यवस्थाको साथमा अवकाश दिएका थिए ।

संकेत:-

मु○ मुखिया सा○ साक्दी बि○ बिदेश दै○ दैलेख
सु○ सुबेदार के○ क्याप्टेन ले○ लेप्टेनन् ना○ नाईक
[○] = अल्पायु मृत्यु सा. मे.○ सार्जेण्ट मेजर
[ = नि:सन्तान ज.○ जमदार म.○ तराई
— = नाम अज्ञांत ह.○ हवलदार भा○ भारत
जि.○ जिम्मावाल

वार

## क्षमा याचना

हामी सामी श्रीस पुर्खोलीको अनुसन्धान र खोज गर्ने क्रममा हाम्रो क्षमता र बुद्धि विवेकले भेटे सम्म सक्दो राम्रो प्रयास गर्दै लेखन क्रियामा हाम्रो कोशिश को धेरै लामो समयको पश्चात हाम्रो पुर्खोलीको एउटा किताबमा परिणत हुन पुगेको छ । यस भित्र सायद कयौं शब्दहरु अपशब्द भए होला कयौं वाक्यहरु परिपूर्ण नभएहोला । तसर्थ पढाईको क्रममा त्रुटीहरु भएमा हामी अनुसन्धानकर्ता, लेखक, खोजकर्ता र विशेष सहयोगी दाजुभाई दिदीबहिनीहरु प्रति क्षमा याचना गर्नु भएमा आभारी रहने छौं ।

**अनुसन्धानकर्ता, लेखक, खोजकर्ता**

**सम्पर्क:**

श्री क्याप्टेन. जङ्ग बहादुर श्रीस ।

Telephone:
Kathmandu: 4491342, 4491345
Mobile: 9849481919
Hong Kong: 852 27355277
Mobile: 852 93324093
E-Mail: jbshreesh@gmail.com
ranajb@hotmail.com
jbrana@netvigator.com

श्री होम बहादुर श्रीस

Mobile: 852 95129109


श्री नेत्र बहादुर श्रीस


Mobile: 852 63342738
E-Maill: mitrashreesh@gmail.com

Webpage URL: www.shreesh1878bs.com

If viewing difficulties
URL: www.idotrg.bravehost.com


भार्से गाउँ





**मूल्यः** ने. रु. २,२१,४५० मात्र ।

**थानः** ५०० को ने. रु. २,२१,४५० मात्र ।

**धुवानी खर्च**: ने. रु. १०,१५२

हामी काश्यगोत्र सामी श्रीसहरु इन्डिया र नेपाल बाहेक बिदेशमा भएका दाजु भाईहरुबाट तल देखाए बमोजिम रकम संकलन गरेका छौं र काश्य गोत्र सामी श्रीसका (हाम्रो पुर्खाको किताब) बनाउन सफल भएका छौं । जसको लागि धन्यबाद ।

**<u>सहयोगीहरुः-</u>**

| | | |
|---|---|---|
| १. | श्री के. जङ्ग बहादुर श्रीस | ने. रु. ५०,१२२ |
| २. | श्री होम बहादुर श्रीस | ने. रु. २८,०१५ |
| ३. | श्री नेत्र बहादुर श्रीस | ने. रु. २८,०१५ |
| ४. | श्री देउ प्रसाद श्रीस | ने. रु. १४,४७५ |
| ५. | श्री दुर्ग प्रसाद श्रीस | ने. रु. १४,४७५ |
| ६. | श्री पृथ लाल श्रीस | ने. रु. १४,४७५ |
| ७. | श्री कृष्ण बहादुर श्रीस | ने. रु. १४,४७५ |
| ८. | श्री बिक्रम बहादुर श्रीस | ने. रु. १४,४७५ |
| ९. | श्री लोकेन्द्र श्रीस | ने. रु. १४,४७५ |
| १०. | श्री उमेस श्रीस | ने. रु. १४,४७५ |
| ११. | श्री छेत्रध्वोज श्रीस | ने. रु. १४,४७५ |
| १२. | स्व. फत्त बहादुर श्रीस | ने. रु. ९,६५० |

## प्रेस

Bhadrakali offset Press (P.) Ltd.
Putalisadak, Kathmandu, Nepal.
Phone No: 4227391

Copyright...©... Thursday 18 March 2010, बिहीबार ५ चैत्र २०६६ ।